# केन्द्रको बायोग्यांस कर्जा लगानी प्रकृयाहरु :

१. लघुवित्त संस्था तथा सहकारी संस्थाहरु मार्फत मात्र बायोग्यास प्लाण्ट निर्माणका लागि थोक कर्जा प्रदान गरिने छ । तर यस्तो कर्जा प्रदान गर्दा व्यवसायिक रुपमा ग्यांस बिक्री गर्ने प्रयोजनार्थ स्थापना गरिने प्लाण्टहरुलाई प्रदान गरिने छैन ।

२ बायोग्याँस कर्जा कार्यक्रम अर्न्तगत छनौट भएका लघु वित्त संस्था तथा सहकारीहरुसंग मात्र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले बायोग्यांस कर्जा सम्झौता गरी कर्जा प्रवाह गर्नेछ ।

३. स्वीकृत भएको कर्जा सम्बन्धित संस्थाले **३** महिना भित्रमा केन्द्रसंग बायोग्यास कर्जा सम्झौता गरि सकेको हुनुपर्ने छ र सोही मितिले **१२** महिना भित्रमा वायोग्याँस प्लाण्ट निर्माणमा लगानी गरी सोधभर्ना समेत लिई सक्नु पर्ने छ, अन्यथा केन्द्रको नियमानुसार स्वतः बांकी कर्जा रोक्का हुनेछ ।

४. छनौट भएका संस्थाहरुलाई केन्द्रले वार्षिक **६**% ब्याजदरमा कर्जा प्रदान गर्नेछ ।

५. संस्थाले कृषकहरुबाट वार्षिक **१४**% भन्दा बढी ब्याज लिन पाईने छैन ।

६. घरयासी बायोग्यासको हकमा (१० घनमिटर सम्मको) केन्द्रले पूर्व स्वीकृत गरेको बार्षिक कोटेशन दर रेटको आधारमा तथा ठूला बायोग्यासको हकमा (१० घनमिटर भन्दा ठूलालाई) केन्द्रले स्वीकृत गर्ने वृस्तित संभाव्यता अध्ययन प्रतिवेदन बमोजिम् कूल स्वीकृत लागतको ५० प्रतिशत सम्म मात्र ऋण लगानी गर्ने । यस्तो दररेट वार्षिक कोटेसन दररेट भन्दा बढी हुने देखिएमा, त्यसलाई समेत वार्षिक दररेट निर्धारण समितिले स्वीकृत प्रदान गर्नु पर्ने छ ।

७. एक वा एक भन्दा बढी बायोग्यास कम्पनीले एकै सहकारी मार्फत फरक फरक ऋणीहरुको लागि जमानत दिएर पनि केन्द्रसंग ऋण माग गर्न सक्ने छन् । तर त्यस्तो जमानतमा केन्द्रले तोकेको सिमा भन्दा बढी कर्जा स्विकृत गरिने छैन ।

८. केन्द्रले लघु वित्त संस्थालाई संचालकहरुको सामुहिक जमानतमा तथा सहकारी संस्थालाई देहायका निम्न शर्तका आधारमा बढीमा रु.५० लाख सम्म मात्र कर्जा प्रदान गर्नेछ ।

   क. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (AEPC) बाट बायोग्यास प्लाण्ट निर्माण गर्न सूचिकृत भएका कम्पनीको विगत वर्षको Audited वित्तिय विवरण हेरेर सम्बन्धित कम्पनीले सहकारी संस्थाको ऋण रकमलाई ग्यारेण्टी गरेको आवस्थामा वा,

   ख. संचालक वा एकाघरको परिवारका नाममा भएको घर तथा जग्गा केन्द्रवाट ऋण लिन कबुल गरेको रकमलाई खाम्न सक्ने गरी AEPC को नाममा रोक्का गरेर दिएमा वा,

   ग. बैंक ग्यारेण्टी पेश गरेमा वा,

   घ. ऋण लिने सदस्य वा एकाघरको परिवारका नाममा भएको जग्गा सोझै AEPC को नाममा रोक्का राखेमा

९. केन्द्रको नाममा रोक्का राखिएको जग्गाको बजार मूल्याङकन एंव सरकारी मूल्याङकनको आधारमा मात्र कर्जा स्वीकृत गरिनेछ ।

१०. केन्द्रले कर्जा स्वीकृत भएका वित्तिय संस्थालाई शुरुमा स्वीकृत कर्जाको बढीमा **५०%** सम्म प्रथम किस्ता वापत कर्जा उपलब्ध गराउने छ ।

११. लघु वित्त तथा सहकारी संस्थाले केन्द्रबाट प्राप्त प्रथम किस्ता कर्जा रकम वा संस्थाको आफ्नै स्रोतबाट वायोग्याँस प्लाण्ट निर्माणमा कर्जा लगानी गरी संलग्न अनुसुचि (**सम्झौता पश्चात उपलब्ध गराईने**) अनुसार सोको सोधभर्ना केन्द्रसंग माग गर्नुपर्ने छ ।

१२. केन्द्रले संस्थाको नाममा स्वीकृत भएको कर्जा रकममा नबढाई पटक पटक गरी संस्थालाई सोधभर्ना उपलब्ध गराउने छ ।

१३. कर्जा सोधभर्ना माग फाराम अनुसुची ........र भौतिक संरचना सम्पन्न भएको विवरण अनुसुची ........ बमोजिम् केन्द्रमा प्राप्त भएका निवेदन बमोजिम् सोधभर्ना उपलब्ध गराउने छ । तर केन्द्रले आवश्यक ठानेमा स्थलगत निरीक्षण गरेपछि मात्र सोधभर्ना प्रदान गर्न सक्ने छ ।

१४. केन्द्रसंग गरेको बायोग्यास कर्जा सम्झौता बमोजिम वायोग्याँस प्लाण्ट निर्माणमा कर्जा प्रवाह नगरेको वा भाखा नाघेको पाईएमा केन्द्रले कुनै पनि समयमा बांकी रकम रोक्का गरी संस्थाबाट उठ्न बाँकी रहेको सम्पूर्ण कर्जा रकम केन्द्रको नियमानुसार भूक्तानी गराउन सक्ने छ ।

१५. वायोग्याँस प्लाण्ट निर्माण गर्दा लाग्ने कुल कर्जा लगानीको कम्तिमा पनि **२०**% सम्बन्धित संस्थाले आफ्नै स्रोतबाट कर्जा थप गरि लगानी गर्नु पर्ने छ ।

१६. वित्तिय संस्थाले चौमासिक किस्ता बन्दी (**४/४ महिना**) मा केन्द्रबाट दिएको भूक्तानी तालीका बमोजिम सोधभर्ना प्रदान गरेको मितिले बढीमा **३६** महिना भित्र सम्पूर्ण कर्जा रकम चुक्ता गर्नु पर्ने छ ।

१७ वित्तिय संस्थाले चौमासिक अनुसार अनुसुची ......... बमोजिम्को फाराममा प्रगति विवरण भरी पठाउनु पर्ने छ, अन्यथा थप सोधभर्ना किस्ता रकम लगानी गरिने छैन ।

१८. वित्तिय संस्थाले केन्द्रलाई बुझाउनु पर्ने किस्ता रकम भूक्तानी तालीका बमोजिम समयमा नबुझाएमा भाखा नाघेको किस्ता रकममा वार्षिक **३**% को दरले थप हर्जाना ब्याज लाग्नेछ । र यदी भाखा नाघेको तेस्रो वर्षको अन्त्य सम्ममा पनि उक्त संस्थाले सो कर्जा चुक्ता नगरेमा केन्द्रले सरकारी बिगो सरह असुल उपरको थप कानूनी कारवाही अगाडी बढाउनेछ ।

१९. संस्थाले स्वीकृत कर्जाको लागि संचालकहरुको नागरीकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १/१ प्रति अनिवार्य पेश गर्नु पर्नेछ ।

२०. जग्गाको मूल्यांकन गर्दा AEPC ले तोकेको मूल्यांकन मापदण्ड बमोजिम् हुने छ ।

२१. वित्तिय संस्थाले प्राप्त गरेको कर्जा रकम केवल वायोग्याँस प्लाण्ट निर्माणमा मात्र लगानी गर्नु पर्ने छ ।